# बीमकको लगानी निर्देशिका, २०७५

**प्रस्तावना:** बीमा ब्यवसाय अन्तर्गत बीमकको तोकिए बमोजिमको सल्भेन्सी अनुपात कायम गरी बीमकको लगानीलाई थप ब्यवस्थित बनाउन र लगानीलाई विविधिकरण गर्न वाञ्छनीय भएकोले बीमा ऐन, २०४९ को दफा ८ को उपदफा (घ२) ले दिएको अधिकार प्रयोग गरी बीमा समितिले देहायको निर्देशिका बनाएको छ।

परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** यस निर्देशिकाको नाम **"बीमकको लगानी निर्देशिका, २०७५"** रहेको छ।

(२) यो निर्देशिका तुरून्त प्रारम्भ हुनेछ।

**परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) **"अध्यक्ष"** भन्नाले बीमा समितिको अध्यक्ष सम्झनु पर्दछ।

(ख) **"ऐन"** भन्नाले बीमा ऐन, २०४९ सम्झनु पर्दछ।

(ग) **"घरजग्गा ब्यवसायमा लगानी"** भन्नाले बीमकले आफ्नो कार्यालय प्रयोजनको लागि भन्दा बाहेक अन्य प्रयोजनको लागि घरजग्गामा गरेको लगानी सम्झनु पर्दछ।

(घ) **"कूल टेक्निकल रिजर्भ"** भन्नाले दफा ३ बमोजिम गणना गरिएको रिजर्भ सम्झनु पर्दछ।

(ङ) **"नियमावली"** भन्नाले बीमा नियमावली, २०४९ सम्झनु पर्दछ।

(च) **"बीमक"** भन्नाले बीमा ऐन, २०४९ अनुसार समितिबाट बीमा ब्यवसाय गर्न इजाजतपत्र प्राप्त जीवन बीमा कम्पनी, निर्जीवन बीमा कम्पनी र पुनर्बीमा कम्पनी सम्झनु पर्दछ।

(छ) **"समिति"** भन्नाले बीमा समिति सम्झनु पर्दछ।

(ज) **"सल्भेन्सी अनुपात"** भन्नाले समितिबाट जारी सल्भेन्सी सम्बन्धी निर्देशिका बमोजिमको उपलब्ध सल्भेन्सी मार्जिन र आवश्यक सल्भेन्सी मार्जिन बीचको अनुपात सम्झनु पर्दछ।

परिच्छेद–२

## कूल टेक्निकल रिजर्भ

२. **कूल टेक्निकल रिजर्भलाई आधार मान्नुपर्ने:** (१) बीमकले समितिबाट जारी सल्भेन्सी अनुपात सम्बन्धी निर्देशिकामा उल्लेख भए बमोजिमको न्यूनतम अनुपात कायम हुने गरी सम्पत्ति व्यवस्थापन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्पत्ति व्यवस्थापन गर्दा बीमकले कूल टेक्निकल रिजर्भलाई आधार मानी दफा (४) र (६) अनुरूप हुने गरी लगानी गर्नुपर्नेछ।

३. **टेक्निकल रिजर्भको गणना:** (१) बीमकले आफ्नो टेक्निकल रिजर्भ देहाय बमोजिम हुने गरी गणना गर्नुपर्नेछः

(क) जीवन बीमा ब्यवसाय गर्ने बीमकको हकमा बीमाङ्कीय मुल्यांकन प्रतिवेदन बमोजिमको म्याथमेटिकल रिजर्भ, बोनसको लागत, अकस्मिक व्यवस्था, तत्काल भुक्तानी गर्नुपर्ने दाबिको व्यवस्था, बीमालेखसंग सम्बन्धित अन्य दायित्व र व्यवस्था खुद दाबी भुक्तानी बापतको ब्यवस्था र अवधि समाप्ति बापत भुक्तानी गर्नु नपर्ने बीमाको असमाप्त जोखिम बापतको ब्यवस्था रकमको योग।

(ख) निर्जीवन बीमा ब्यवसाय गर्ने बीमकको हकमा बीमा समितिले तोकेको वा दैनिक समानुपातिक विधिबाट गणना गरिएको असमाप्त जोखिम बापतको व्यवस्था मध्ये जुन बढी हुन आउँछ सोही बराबरको असमाप्त जोखिम बापतको ब्यवस्था, खुद दावी बापतको ब्यवस्था, महाविपत्ति बापतको ब्यवस्था र अन्य आकस्मिक ब्यवस्थाको योग।

(ग) पुनर्बीमा ब्यवसाय गर्ने बीमकको हकमा बीमाङ्कीय मूल्याङ्कन प्रतिवेदनमा बीमालेख अन्तर्गत देखाइएको दायित्व, खुद दाबी बापतको ब्यवस्था र असमाप्त जोखिम बापतको ब्यवस्था बापतको रकमको योग।

(२) पुनर्बीमकको हिस्सा कटाउनु भन्दा अघिको टेक्निकल रिजर्भ बीमकको कूल टेक्निकल रिजर्भ हुनेछ।

४. **सल्भेन्सी अनुपातका लागि गणनायोग्य सम्पत्ति मानिने:** (१) बीमकले समितिबाट जारी सल्भेन्सी सम्बन्धी निर्देशिका बमोजिम सल्भेन्सी मार्जिन गणना गर्ने प्रयोजनको लागि देहायका सम्पत्तिहरूलाई गणनायोग्य सम्पत्ति मानिनेछः-

(क) नगद मौज्दात,

(ख) नेपाल सरकार वा नेपाल राष्ट्र बैंकको ऋणपत्र वा नेपाल सरकारको जमानत प्राप्त वचतपत्र वा ऋणपत्र,

(ग) नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त "क" वर्गको बैंक तथा वित्तीय संस्थामा रहेको चालू खाता, कल खाता र मुद्दति खातामा रहेको रकम तथा नेपाल पूर्वाधार बैंक लिमिटेडको मुद्दति निक्षेप,

(२) बीमकले समितिबाट जारी सल्भेन्सी सम्बन्धी निर्देशिका बमोजिम सल्भेन्सी मार्जिन गणना प्रयोजनको लागि देहायका सम्पत्तिहरूलाई **अनुसूची २** बमोजिमको लगानीको सीमासम्म मात्र गणनायोग्य मानिनेछः

(क) घरजग्गा ब्यवसायमा गरिएको लगानी,

(ख) नेपाल धितोपत्र वोर्डबाट इजाजतपत्र प्राप्त धितोपत्र विनिमय बजारमा सूचीकृत भएको पब्लिक लिमिटेड कम्पनीको साधारण शेयर,

(ग) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "क", "ख" र "ग" वर्गको बैंक तथा वित्तीय सँस्थाको अग्राधिकार शेयर (साधारण शेयरमा परिणत नहुने) र ऋणपत्र,

(घ) नेपाल धितोपत्र वोर्डबाट इजाजतपत्र प्राप्त धितोपत्र विनिमय बजारमा सूचीकृत भएको पब्लिक लिमिटेड कम्पनीको सुरक्षित डिबेन्चर,

(ङ) कृषि, पर्यटन र जलस्रोत लगायतका पूर्वाधारमा गरिएको ऋण वा पूँजी लगानी,

(च) नागरिक लगानी कोष तथा म्युचुअल फण्डका लगानी योजनामा गरिएको लगानी,

(छ) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "ख" वर्गको बैंक तथा वित्तीय संस्था राखिएको मुद्दति निक्षेप

(ज) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "ग" वर्गको बैंक तथा वित्तीय संस्था राखिएको मुद्दति निक्षेप

(३) उपदफा (१) र (२) बाहेक अन्य सम्पत्तिको हकमा समितिबाट जारी सल्भेन्सी सम्बन्धी निर्देशिकामा उल्लेख भए अनुसार गणनायोग्य सम्पत्ति मानिनेछ।

५. **सम्पत्ति नेपाल भित्रै हुनुपर्ने:** दफा ४ बमोजिमको बीमकको सम्पत्ति नेपाल भित्र रहेको हुनुपर्नेछ ।

तर, पुनर्बीमा बापत लिन बाँकी रकमको सम्बन्धमा यो दफा लागू हुने छैन ।

परिच्छेद–३

## लगानी

६. **न्यूनतम लगानी गर्नुपर्ने:** बीमकले समितिबाट जारी सल्भेन्सी सम्बन्धी निर्देशिकामा उल्लेख भए बमोजिमको न्यूनतम १.५:१ बरावरको अनुपात कायम गर्ने गरी **अनुसूची-१** बमोजिम लगानी गर्नुपर्नेछ ।

७. **लगानीको मूल्याङ्कन:** घरजग्गा ब्यवसायमा रहेको लगानीलाई कम्तीमा प्रत्येक तीन वर्षमा एकपटक र घरजग्गा बाहेक अन्य क्षेत्रमा गरेको लगानीलाई प्रत्येक दिन मूल्यांकन गर्नुपर्नेछ ।

८. **लगानीको सीमा कायम गर्नुपर्ने:** (१) बीमकले यस निर्देशिका अनुरूप कूल टेक्निकल रिजर्भको आधारमा कायम गर्नुपर्ने लगानीको सीमा प्रत्येक दिन कायम गर्नुपर्नेछ ।

(२) कुनै कारणले मूल्य घटबढ भई वा (प्रिएम्टिभ राइट) का कारणले सम्पतिको मूल्यले यस निर्देशिकामा उल्लेख भएको न्यूनतम भन्दा कम र उच्चतम भन्दा बढी लगानी भएको देखिन आएमा त्यसरी सीमा नाघेको तीस कार्यदिन भित्र त्यस्तो लगानीलाई सीमा भित्र ल्याई सक्नु पर्नेछ ।

परिच्छेद–४

## विविध

९. **लगानी गर्न सकिने बैंक वा वित्तीय सँस्था:** बीमकले नेपाल राष्ट्र बैंकले तोकेको पूँजीकोष कायम गरेका बैंक तथा वित्तीय सँस्थामा मात्र लगानी गर्नुपर्नेछ ।

१०. **समितिको स्वीकृति लिनुपर्ने:** (१) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा उल्लेख भए तापनि नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त विनिमय बजारमा सूचीकृत नभएका पब्लिक लिमिटेड कम्पनीमा लगानी गर्दा, घरजग्गा ब्यवसाय, कृषि, पर्यटन र जलस्रोत लगायतका पूर्वाधारमा तोकिएको सिमाभन्दा बढी लगानी गर्दा र यस निर्देशिकामा तोकिएको भन्दा अन्य क्षेत्रमा लगानी गर्दा जुनसुकै अवस्थामा पनि समितिको पूर्व स्वीकृति लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको घरजग्गा ब्यवसाय, कृषि, पर्यटन र जलस्रोत लगायतका पूर्वाधारमा सिमा गणना गर्दा समितिबाट स्वीकृत भएको पछिल्लो वित्तीय विवरण बमोजिमको कूल टेक्निकल रिजर्भको अधारमा गर्नुपर्नेछ ।

११. **समितिले तोक्न सक्ने:** समितिले आवश्यक ठानेमा कुनै पनि सम्पतिलाई टेक्निकल रिजर्भको प्रयोजनको लागि राखिने सम्पत्ति हो वा होइन भनी तोक्न सक्नेछ ।

१२. **लगानी कायम हुने:** यो निर्देशिका लागू हुनु अगावै समितिबाट जारी लगानी नीति, २०७१ बमोजिम गरिएको लगानीलाई यो निर्देशिकाले बाधा पुर्याएको मानिने छैन ।

तर, त्यस्तो लगानीको अवधि समाप्त भएपश्चात यस निर्देशिकाको अधीनमा रही लगानी गर्नुपर्नेछ ।

१३. **विवरण पेश गर्नुपर्ने:** बीमकले **अनुसूची-३** बमोजिमको ढाँचा र अवधि सकिएको पन्ध्र दिन भित्र समिति समक्ष लगानीको विवरण पेश गर्नु पर्नेछ।

१४. **व्याख्या गर्ने अधिकार:** यस निर्देशिकाको प्रयोगमा कुनै दुविधा उत्पन्न भएमा सो को व्याख्या गर्ने अधिकार समितिलाई हुनेछ।

१५. **खारेजी र बचाऊ:** (१) बीमकको लगानी नीति, २०७१ खारेज गरिएको छ।

(२) बीमकको लगानी नीति, २०७१ बमोजिम भए गरेका सम्पूर्ण कार्यहरू यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछन्।

## अनुसूची-१

## लगानी गर्नुपर्ने रकमको न्यूनतम सीमा

(दफा ०६ संग सम्बन्धित)

| क्र .सं. | लगानीको क्षेत्र | लगानीको न्यूनतम सीमा | लगानीको शर्त | कैफियत |
|---|---|---|---|---|
| १. | नेपाल सरकार वा नेपाल राष्ट्र बैंकको वचतपत्र वा ऋणपत्र वा नेपाल सरकारको जमानत प्राप्त वचतपत्र वा ऋणपत्र | कूल टेक्निकल रिजर्भको पाँच प्रतिशत | | यस खण्डमा उल्लेख भएको सीमा अनुरूप लगानी गर्न नसक्ने अवस्था आइपरेमा नेपाल राष्ट्र बैंकवाट इजाजतपत्र प्राप्त 'क' वर्गको बैंकको मुद्दति निक्षेप वा नेपाल पूर्वाधार बैंक लिमिटेडमा लगानी गरी समितिलाई जानकारी दिनुपर्ने। |
| २. | नेपाल राष्ट्र बैंकवाट इजाजतपत्र प्राप्त 'क' वर्गको बैंक तथा नेपाल पूर्वाधार बैंक लिमिटेडको मुद्दति निक्षेप | कूल टेक्निकल रिजर्भको चालीस प्रतिशत | कम्तिमा पाँच बर्षसम्म संचालनमा आई आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई कम्तीमा तीन वर्षसम्म नाफामा रहेको बैंकमा कूल टेक्निकल रिजर्भको बढिमा पन्ध्र प्रतिशत सम्म<br>तर, संचालनमा आएको पाँच वर्ष नपुगेका बैंकमा कूल टेक्निकल रिजर्भको बढिमा पाँच प्रतिशत सम्म मात्र एउटै बैंकमा लगानी गर्न सकिने। | |

**नोटः**

१. अनुसूची १ को प्रयोजनको लागि कूल टेक्निकल रिजर्भ समितिबाट स्वीकृत भएको पछिल्लो वित्तीय विवरण बमोजिम हुनेछ।

## अनुसूची-२

## टेक्निकल रिजर्भको प्रयोजनको लागि गणनायोग्य सम्पत्तिको अधिकतम सीमा

(दफा ४ संग सम्बन्धित)

| क्र .सं. | लगानीको क्षेत्र | लगानीको सीमा | लगानीको शर्त | कैफियत |
|---|---|---|---|---|
| १. | घरजग्गा व्यवसाय | कूल टेक्निकल रिजर्भको पाँच प्रतिशत सम्म | एउटै क्षतिले एक अर्कोलाइ असर पार्ने वा एउटै इकाइको रुपमा मानिने गरी नजिकै रहेका (क्लोज प्रोक्सिमिटि) कूल टेक्निकल रिजर्भको घरजग्गामा पाँच प्रतिशत भन्दा बढी लगानी गर्न नपाईने | |
| २. | नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त धितोपत्र विनिमय वजारमा सूचीकृत पब्लिक लिमिटेड कम्पनीको साधारण शेयर | कूल टेक्निकल रिजर्भको दश प्रतिशत सम्म | शेयर लगानी गरिने कम्पनीको चुक्ता पूँजीको पाँच प्रतिशत भन्दा बढि हुनेगरी लगानी गर्न नपाइने । | |
| ३. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त क, ख र ग वर्गको बैंक तथा वित्तीय सँस्थाको अग्राधिकार शेयर (साधारण शेयरमा परिणत नहुने) र ऋणपत्र | कूल टेक्निकल रिजर्भको बीस प्रतिशत सम्म | लगानी गरिने कम्पनीको चुक्ता पूँजीको दश प्रतिशत भन्दा बढि हुनेगरी लगानी गर्न नपाइने । | |
| ४. | नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त धितोपत्र विनिमय वजारमा सूचीकृत पब्लिक लिमिटेड कम्पनीको सुरक्षित डिवेन्चर | कूल टेक्निकल रिजर्भको बीस प्रतिशत सम्म | लगानीको लागि आह्वान गरिएको कूल रकमको दश प्रतिशत भन्दा बढी रकम एउटै कम्पनीमा लगानी गर्न नपाइने । | |
| ५. | कृषि, पर्यटन र जलस्रोत लगायतका पूर्वाधारमा गरिएको | कूल टेक्निकल रिजर्भको बीस प्रतिशत सम्म | लगानीको लागि आह्वान गरिएको कूल रकमको दश प्रतिशत भन्दा बढी रकम लगानी एउटै परियोजनामा गर्न नपाइने । साथै लगानी गरिने कम्पनी पब्लिक | सिमा भन्दा बढी भएको लागानीका |

| | | | | |
|---|---|---|---|---|
| | ऋण वा पूँजी | | लिमिटेड कम्पनी हुनुपर्ने । | लागि समितिको स्वीकृति लिनुपर्ने । |
| ६. | नागरिक लगानी कोष तथा म्युचुअल फण्डका लगानी योजनाहरू | कूल टेक्निकल रिजर्भको पाँच प्रतिशत सम्म | म्युचअल फण्ड वा नागरिक लगानी कोषका योजनाहरूमा गरिने लगानीको पाँच प्रतिशत भन्दा बढी रकम एउटै योजनामा लगानी गर्न नपाइने । | |
| ७. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "ख" वर्गको बैंड्क तथा वित्तीय संस्था राखिएको मुद्दति निक्षेप | कूल टेक्निकल रिजर्भको बीस प्रतिशत सम्म | कम्तिमा पाँच बर्षसम्म संचालनमा आई आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई कम्तीमा तीन वर्षसम्म नाफामा रहेको "ख" वर्गको बैंड्क तथा वित्तीय संस्थामा कूल टेक्निकल रिजर्भको बढिमा पाँच प्रतिशतसम्म र संचालनमा आएको पाँच वर्ष नपुगेका "ख" वर्गको बैंड्क तथा वित्तीय संस्थाको हकमा कूल टेक्निकल रिजर्भको बढिमा दुई प्रतिशत सम्म एउटै बैंक तथा वित्तीय सँस्थामा लगानी गर्न सकिने । | |
| ८. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "ग" वर्गको बैंक तथा वित्तीय सँस्थामा राखिएको मुद्दती निक्षेप | कूल टेक्निकल रिजर्भको दश प्रतिशत सम्म | कम्तिमा पाँच बर्षसम्म संचालनमा आई आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई कम्तीमा तीन वर्षसम्म नाफामा रहेको "ग" वर्गको बैंड्क तथा वित्तीय संस्थामामा कूल टेक्निकल रिजर्भको बढिमा तीन प्रतिशत सम्म र संचालनमा आएको पाँच वर्ष नपुगेका "ग" वर्गको बैंड्क तथा वित्तीय संस्थाको हकमा औचित्यको आधारमा कूल टेक्निकल रिजर्भको बढिमा एक प्रतिशत सम्म एउटै बैंक तथा वित्तीय सँस्थामा लगानी गर्न सकिने । | |

**नोटः** अनुसूची २ मा उल्लेखित लगानीको शर्तको प्रयोजनको लागि कूल टेक्निकल रिजर्भ समितिबाट स्वीकृत भएको पछिल्लो वित्तिय विवरण बमोजिम हुनेछ ।

## अनुसूची-३

## लगानीको विवरण

दफा (१३) संग सम्बन्धित

**बीमकको नाम:**

**पेश गर्नुपर्ने अवधि: त्रैमासिक**

**पेश भएको अवधि:**

**पेश भएको मिति:**

समितिबाट स्वीकृत भएको पछिल्लो वित्तिय विवरण बमोजिमको कूल टेक्निकल रिजर्भ: मिति .......मा स्वीकृत भएको आ.व... ... ... ... को अन्तको टेक्निकल रिजर्भ रू.

| क्र.सं. | लगानीको क्षेत्र | वास्तविक लगानी रकम रू. | समितिबाट स्विकृत भएको पछिल्लो वित्तिय विवरण बमोजिमको कूल टेक्निकल रिजर्भमा वास्तविक लगानीको प्रतिशत | कुल जम्मा लगनीमा लागनीको क्षेत्रको प्रतिशत |
|---|---|---|---|---|
| १ | नेपाल सरकार वा नेपाल राष्ट्र बैंकको वचतपत्र वा ऋणपत्र वा नेपाल सरकारको जमानत प्राप्त वचतपत्र वा ऋणपत्र | | | |
| २ | नेपाल राष्ट्र बैंकवाट इजाजतपत्र प्राप्त 'क' वर्गको बैंकको मुद्दति निक्षेप | | | |
| ३ | नेपाल राष्ट्र बैंकवाट इजाजतपत्र नेपाल पूर्वाधार बैंक लिमिटेडको मुद्दति निक्षेप | | | |
| ४ | २ र ३ को जम्मा | | | |
| ५ | १ र ४ को जम्मा | | | |
| ६ | घरजग्गा ब्यवसाय | | | |
| ७ | नेपाल धितोपत्र वोर्डबाट इजाजतपत्र प्राप्त धितोपत्र विनिमय वजारमा सूचीकृत पब्लिक लिमिटेड कम्पनीको शेयर | | | |
| ८ | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त क, ख र ग वर्गको बैंक तथा वित्तीय | | | |

| | | | | |
|---|---|---|---|---|
| | सँस्थाको अग्राधिकार शेयर (साधारण शेयरमा परिणत नहुने) र ऋणपत्र | | | |
| ९ | नेपाल धितोपत्र वोर्डबाट इजाजतपत्र प्राप्त धितोपत्र विनिमय वजारमा सूचीकृत पब्लिक लिमिटेड कम्पनीको सुरक्षित डिवेन्चर | | | |
| १० | कृषि, पर्यटन र जलस्रोत लगायतका पूर्वाधार | | | |
| ११ | म्युचअल फण्ड वा नागरिक लगानी कोषका योजनाहरू | | | |
| १२ | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त वर्गको "ख" बैँक तथा वित्तीय सँस्थामा मुद्दती निक्षेप राखिएको | | | |
| १३ | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "ग" वर्गको बैंङ्क तथा वित्तीय संस्थामा राखिएको मुद्दति निक्षेप | | | |
| १४ | माथि उल्लेख भएका बाहेक अन्य लगानी(खुलाउनु पर्ने)<br>क.<br>ख.<br>ग.<br>घ.<br>ङ.<br>च. | | | |
| १५ | ६ देखि १४ सम्मको कूल जम्मा | | | |
| **कुल जम्मा लगानी** | | | | |

## अनूसूची ३क

## शेयर लगानीको खरिद विक्रिको विवरण

दफा (१३) संग सम्बन्धित

**बीमकको नाम:**

**पेश गर्नुपर्ने अवधि: त्रैमासिक**

**पेश भएको अवधि:**

**पेश भएको मिति:**

| क्र.सं. | लगानी रहेको संस्था | शुरू मौज्दात | | | | यस त्रैमासमा खरिद | | | यस त्रैमासमा बिक्री | | | | यस त्रैमासमा समायोजन | | | अन्तिम मज्दात | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | अंकित मुल्य | परल मुल्य | बजार मुल्य | परिमाण | अंकित मुल्य | परल मुल्य | परिमाण | अंकित मुल्य | परल मुल्य | बिक्री मुल्य | परिमाण | अंकित मुल्य | परल मुल्य | परिमाण | अंकित मुल्य | परल मुल्य | बजार मुल्य |
| १ | | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | | | | | |

**नोट:१. नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त विनिमय बजारमा सुचिकृत नभएका लागानीलाइ छुट्टै खुलाउनु पर्नेछ।**

**२. संस्थापक शेयर र अन्य शेयरमा भएको लगानीलाइ छुट्टाछुट्टै खुलाउनु पर्नेछ।**

## अनूसूची ३ख

## पुर्वाधारको क्षेत्रमा गरिएको लगानीको विवरण

दफा (१३) संग सम्बन्धित

**बीमकको नाम:**

**पेश गर्नुपर्ने अवधि: त्रैमासिक**

**पेश भएको अवधि:**

**पेश भएको मिति:**

| क्र.सं. | पुर्वाधारको क्षेत्र | चालु त्रयमास | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ऋण लागानी | | | पुँजी लागानी | | | जम्मा लगानी | | |
| | | लगानीको शुरू मज्दात रकम रू. | थप लगानी रकम रू. | लगानीको अन्तिम मज्दात रकम रू. | लगानीको शुरू मज्दात रकम रू. | थप लगानी रकम रू. | लगानीको अन्तिम मज्दात रकम रू. | लगानीको शुरू मज्दात रकम रू. | थप लगानी रकम रू. | लगानीको अन्तिम मज्दात रकम रू. |
| १. | कृषि | | | | | | | | | |
| २. | पर्यटन | | | | | | | | | |
| ३. | जलस्रोत | | | | | | | | | |
| ४. | अन्य....... | | | | | | | | | |
| ५. | ....... | | | | | | | | | |
| ६. | ....... | | | | | | | | | |

# अनूसूची ३ग

## घरजग्गा व्यवसायमा गरिएको लगानीको विवरण

दफा (१३) संग सम्बन्धित

**बीमकको नाम:**

**पेश गर्नुपर्ने अवधि: त्रैमासिक**

**पेश भएको अवधि:**

**पेश भएको मिति:**

| क्र.सं. | लगानी रहेको स्थान र विवरण | चालु त्रैमास | | |
|---|---|---|---|---|
| | | लगानीको शुरू मज्दात रकम रू. | थप लगानी रकम रू. | लगानीको अन्तिम मज्दात रकम रू. |
| | | | | |
| | | | | |

**समाप्त**